पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय
EX: पो .ब. नं. : ३९८७
सिंहदरवार, काठमाण्डौं

मिति: २०७८।०७।११

पत्र संख्या :-
चलानी नं.:
प्राप्त पत्र संख्या र मिति :-

## जलवायु परिवर्तन सम्बन्धी पक्ष राष्ट्रहरुको २६ औं सम्मेलनमा नेपालको सहभागिता सम्बन्धमा जारी गरिएको

## प्रेस वक्तव्य

जलवायु परिवर्तन र यसका असरहरु विश्वव्यापी रुपमा बढिरहेको र यसबाट मानव जीवन सहित सिंगै विश्व अस्तित्व नै संकट र जोखिममा पर्नसक्ने अध्ययन प्रतिवेदनहरुले देखाएका छन । विश्व समुदायकै चासो र चिन्ता रहेको यो विषयमा छलफल गरी विश्व सहकार्यको प्रारुप थप स्पष्ट गर्न जलवायु परिवर्तन सम्वन्धि अन्तरराष्ट्रिय महासन्धिका पक्ष राष्ट्रहरुको २६ औं सम्मेलन (कोप २६) स्कटल्याण्डको ग्लास्गो शहरमा अक्टोवर ३१ बाट नोभेम्वर १२ तारिख सम्म आयोजना हुदैछ । नेपाल सरकारले यो सम्मेलनलाई जलवायु परिवर्तनका चुनौतीहरु सामना गर्न अन्तरराष्ट्रिय समन्वय र सहकार्यका लागि एक महत्वपूर्ण अवसर हुने ठहर गर्दै सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यूकै नेतृत्वमा माननीय वन तथा वातावरण मन्त्री रामसहाय प्रसाद यादव सहितको उच्चस्तरीय प्रतिनिधिमण्डलले सहभागिता जनाउने निर्णय गरेको छ ।

विगत देखि नै जलवायु परिवर्तनका मुद्दाहरुमा नेपालले विशेषतः अल्प विकसित मुलुकहरु संगसगै रही वार्ताको समयमा राष्ट्रिय हित संरक्षण र प्रवर्द्धनका लागि विभिन्न बिषयहरु उठाउदै आएको छ । यसपटक पनि नेपालले नेपालको पर्वतीय क्षेत्र, यहाँको जनजीविकामा जलवायु परिवर्तनको असर, हानी र नोक्सानीलाई अनुकूलन भन्दा थप अलग्गै कार्यक्रमहरुबाट सम्बोधन गर्नुपर्ने सवाल तथा सुदृढ र दिगो वित्तिय व्यवस्था सुनिश्चित गर्न विश्व समुदायको ध्यान आकृष्ट गर्ने प्रयास गर्नेछ । साथै सम्मेलनका दौरान आयोजना हुने SACEP (South Asian Cooperative Environment Program) बैठक, हिउचितुवा संरक्षण सम्बन्धी Global Snow Leopard Ecosystem Program को स्टेरिंग कमिटि बैठक, IFAD को बैठक, रेड फरेष्ट्री कार्यक्रम सम्बन्धी छलफल, पर्वतीय क्षेत्र सम्बन्धी प्रदर्शनी तथा अन्य उच्चस्तरीय र प्राविधिक सत्रहरुमा समेत सहभागिता जनाउने कार्यक्रम रहेको छ ।

सन् १९९४ देखिनै नेपालका नीति तथा कार्यक्रमहरुमा प्राथमिकतामा पर्न थालेको यो विषय समयक्रमसंगै अध्ययनहरुले उजागर गरेको जोखिम र संकटासन्नताले हामीलाई थप चिन्तित वनाएको छ । नेपालमा तापक्रम बृद्धिदर तुलनात्मक रुपमा उच्च रहेको तथ्यांकहरुले देखाईरहेका छन् । हालसम्म बार्षिक औषत ०.०५६ को बृद्धिदर रहेको तापक्रम अझ उच्चदरमा पुग्ने अनुमानहरु भैरहेका छन् । अध्ययन अनुसार २०१० सम्मको अवधिमा हिमालमा हिंउको भण्डार झण्डै २९ प्रतिशतले घटेको र हिमतालको संख्या ११ प्रतिशतले बढेको देखिन्छ । पृथक भौगोलिक अवस्था र विभिन्न उचाईमा अवस्थित पारिस्थितिकीय क्षेत्रहरु, प्राकृतिक श्रोतमा आधारित जिवीकोपार्जन, गरीबी सिमान्तकृत समुदाय र न्यून क्षमताका कारण नेपाल विश्वकै सवैभन्दा संकटासन्न र जोखिमयुक्त मुलुकहरु मध्येमा पर्न गएको देखिन्छ ।

फोन नं.:-४२११७०३, ४२११७३७, ४२११५९९, ४२११८६४ फ्याक्स नं.:- ४२११८६८

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

साथै अतिबृष्टि, अनाबृष्टि, खडेरी र वाढीका कारण कृषि उत्पादन, पशुपालन र मत्स्यपालनमा १० देखि ३० प्रतिशत सम्म उत्पादनमा ह्रास आउन थालेको छ । वन डढेलोको घटनाहरुमा वृद्धि, वनजंगलमा रोग कीराको प्रकोप, वाह्य प्रजातिका विरुवाहरुको अतिक्रमण र बासस्थानहरुमा भएको नोक्सानीका कारण वनको उत्पादकत्व र जैविक विविधतामा नकारात्मक असरहरु देखापरिरहेका छन् ।

वर्षायाममा अधिक पानी र हिँउदमा न्यून पानीले विपत्ति र उर्जा संकट तथा भू-उत्पादकत्व ह्रास भई जनजीविका झन् कठीन बन्न पुगेको छ । अधिकतम तापक्रम र जीवाणुबाट सर्ने सरुवा रोगहरुले जिविकोपार्जन र जनशक्तिको उत्पादकत्वमा समस्या निम्त्याएको छ । जलवायु परिवर्तनका असरहरु स्वास्थ्य, उर्जा, खाध्य सुरक्षा, जल आपूर्ति र मानव सुरक्षा लगायत बहुपक्षिय रहेको र यसबाट गरीव, साना किसान, आदिवासी, महिला, केटाकेटी, अशक्त तथा जेष्ठ नागरीकहरु वढी प्रभावित हुने देखिन्छ । आर्थिक, सामाजिक क्षेत्रमा हुने गिरावट र वढ्दो स्वास्थ्य समस्याका कारण भविष्यमा संकटासन्नता अझ वढ्ने अनुमान गरिएको छ ।

उपरोक्त समस्याहरुको उचित सम्बोधन गर्न नेपाल सरकारले अन्तरराष्ट्रिय नीतिगत तथा रणनीतिक दस्तावेजहरु क्योटो प्रोटोकल र पेरिस सम्झौतालाई अनुमोदन गरी सोहि बमोजिम अघि बढ्न विभिन्न नीति, रणनीति, योजना तथा कार्यक्रमहरू अघि सारेको छ ।

जलवायु परिवर्तन सम्बन्धी सम्मेलनमा सहभागि हुने पूर्व सन्ध्यामा आज मिति २०७८।७।११ मा जलवायु परिवर्तन सम्बन्धी बिषयलाई उच्च प्राथमिकता दिई बसेको नेपाल सरकारको मन्त्रिपरिषद् बैठकले ३ वटा महत्वपूर्ण नीतिगत दस्तावेज र कार्ययोजनाहरु स्वीकृत गरेको छ । यी नीतिगत दस्तावेज र कार्ययोजनाहरु अन्तरराष्ट्रिय समुदायसंग समन्वय, सहकार्य र ज्ञान शीप आदान प्रदानका लागि सम्मेलनमा समेत उच्च प्राथमिकताका साथ प्रस्तुत गरिनेछन् ।

आज निर्णय भएका महत्वपूर्ण नीतिगत दस्तावेज र कार्ययोजनाको सारसंक्षेप आम नागरिक तथा यस बिषयमा सरोकार र चासो राख्ने सबैका लागि महत्वपूर्ण हुने ठानी आमसंचार माध्यम मार्फत प्रेसित र प्रसारण गरिदिनुहुन यसैसाथ संलग्न राखी हार्दिक अनुरोध छ ।

२०७८।७।११

प्रवक्ता

वन तथा वातावरण मन्त्रालय

## १. नेपालको राष्ट्रिय अनुकूलन योजना (२०२१–२०५०)

जलवायुजन्य विपद्का कारण नेपालले वर्षेनि ठुलो धनजनको क्षति बेहोर्दै आईरहेको र कुल ग्राहस्थ उत्पादनमा समेत नकरात्मक असर देखिन थालिसकेको छ । भविष्यमा जलवायु परिवर्तनका असर झन् विकराल हुने तथ्यलाई मध्यनजर गर्दै दिगो विकासका लक्ष्यहरु, पेरिस सम्झौता अन्तर्गतको राष्ट्रिय रुपमा निर्धारित योगदानको लक्ष्यहरु, विपद् सम्बन्धी सेन्डाई संरचनाको अवधारणा र नेपालको राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ को भावना अनुरुप अनुकूलनको तत्कालिन, मध्यकालिन र दीर्घकालिन योजना बनाउने सन्दर्भमा नेपालले सन् २०२५ (तत्कालिन), २०३० (मध्यकालिन) र २०५० (दीर्घकालिन) अनुकूलन का कार्यक्रमहरु पहिचान गरेको छ ।

### दुरदृष्टिः

राष्ट्रिय अनुकूलन योजनाले "जलवायु अनुकूलनलाई सरकारका विभिन्न तहहरू र विषयगत क्षेत्रहरुमा समायोजन गर्दै आम नागरिक र समग्र पर्यावरणमा असरको जोखिमलाई न्यूनीकरण गर्ने र जलवायु–उत्थानशील समाज निर्माण गरी समग्र राष्ट्रको आर्थिक सामाजिक समृद्धिमा योगदान पुऱ्याउने" दुरदृष्टि राखेको छ ।

### लक्ष्यः

जलवायु परिवर्तनको संकटासन्नता र जोखिममा रहेका मुख्य प्राकृतिक, सामाजिक र आर्थिक क्षेत्रहरु र सेवा प्रदायकहरुको अनुकूलन क्षमता र उत्थानशिलता वृद्धि गर्ने ।

स्थानीय, प्रादेशिक र संघीय तहका सबै विषयगत क्षेत्रहरुका नीति, रणनीति, योजना र कार्यक्रमहरुमा लैंगिक समानता, सामाजिक समावेशीकरण, जीविकोपार्जन र सुशासनका विभिन्न सरोकारलाई जोड दिँदै जलवायु परिवर्तनका मुद्दाहरुलाई एकिकृत गर्ने ।

जलवायु परिवर्तन अनुकूलन सम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय वित्तिय व्यवस्था, अध्ययन अनुसन्धान, प्रविधिको विकास र विस्तार मार्फत जलवायु परिवर्तन अनुकूलनका लागि स्रोत साधनको न्यायोचित परिचालन र वितरण सुनिश्चत गर्ने ।

### कार्यक्रम र बजेटः

नेपालको राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ ले पहिल्याएका ८ वटा विषयगत र ४ वटा अन्तर विषयगत क्षेत्रमा गरी कुल ६४ वटा प्राथमिकता प्राप्त अनुकूलनका कार्यक्रमहरु तय गरिएका छन । प्राथमिकता प्राप्त अनुकूलन कार्यक्रमहरुको कार्यन्वयनको लागि सन् २०५० सम्म कूल ४७.४ विलियन अमेरिकी डलरको आवश्यकता पर्ने देखिन्छ। सो रकममध्ये नेपालले कूल १.५ विलियन अमेरिकी डलर आन्तरिक स्रोत परिचालन गरेर योगदान गर्न सक्नेछ भने बाँकी ४५.९ विलियन अमेरिकी डलर बाह्य स्रोतको आवश्यकता पर्नेछ । यसरी सन् २०३० सम्ममा प्रत्येक वर्ष नेपालको लागि २.१ विलियन अमेरिकी डलरको वित्त प्रवाह हुन जरुरी देखिन्छ जुन समग्रमा २१ विलियन अमेरिकी डलर हो । सन् २०५० सम्ममा थप २६.४ विलियन अमेरिकी डलरको आवश्यकता पर्ने देखिन्छ जुन सन् २०३१ मा योजनाको मध्यकालीन समिक्षा पश्चात थपघट हुन सक्नेछ ।

## २. हानीनोक्सानी सम्बन्धी राष्ट्रिय कार्यढाँचा (national Framework on Loss and Damage)

वायुमण्डलमा बढ्दै गएको हरितगृह ग्यासहरूको सम्मिश्रणले गर्दा विश्वको औसत तापक्रम बढ्दै गएको छ । परिणामतः स्थानीय मौसमी प्रणाली पहिले भन्दा विश्रृङ्खल भएका छन् र विनाशकारी प्रभाव परेका छन् । यी परिवर्तनहरूले गर्दा हालैका वर्षहरुमा नेपाल जस्ता अल्प विकसित देशहरूमा हानी नोक्सानीमा बढोत्तरी भइरहेको छ। यो वर्ष नेपालले भोगेको क्षति यसैका केहि ज्वलन्त उदाहरण हुन ।

संयुक्त राष्ट्रसंघीय जवयायु परिवर्तन संरचना महासन्धी प्रक्रियामा हानि नोक्सानीको विषय अझै छलफलको क्रममा रहेको छ । अल्पविकसित मुलुकहरूले हानि नोक्सानीको प्रस्ताव छुट्टै छलफलको विषय, वार्ताको तेस्रो स्तम्भ हुनुपर्छ भनिरहेका छन् (न्यूनीकरण र अनुकूलन बाँकि दुई स्तम्भ हुन्) भने विकसित देशहरूले यसलाई अनुकूलनकै एक हिस्साका रूपमा मान्दछन् ।

### राष्ट्रिय सन्दर्भमा हानी नोक्सानीको परिभाषा

नेपालमा हानी नोक्सानीको देहाय बमोजिमको परिभाषा प्रस्ताव गरिएको छः

"जलवायु परिवर्तनका यथार्थ साथै संभावित नकारात्मक परिणामस्वरूप उत्पत्ति हुने उष्णवायु, अतिवृष्टि जस्ता एक्कासी आउने वा हिमनष्ट, सुख्खा, हिमगलन, जस्ता बिस्तारै हुने बिषम मौसमी घटनाहरू जससँग सामना गर्न वा अनुकूलन हुन देशको प्राकृतिक पारिस्थितिक प्रणाली, भौतिक पूर्वाधार संरचना र संस्थागत क्षमताले नभ्याउने हुनाले नेपालको हिमाली, पहाडी र तराईका जनताहरूसँग यस किसिमका बिषम मौसमी घटनाहरूसँग सामना गर्ने क्षमता छैन र परिणामतः जीवन, जीविकाका साथसाथै साँस्कृतिक सम्पदाको क्षति हुन्छ।"

### हानी नोक्सानीको ढाँचा र सञ्चालनः

हानी नोक्सानीको संयन्त्र विकास गर्न केही चरणहरुबाट अघि बढनुपर्ने हुन्छ । यो लेखाजोखाका लागि सूचकहरूको पहिचान गरिन्छ त्यसपछि तथ्याङ्क सङ्कलन, विश्लेषण र ब्याख्या गरिन्छ । यसले जलवायुजन्य हानी नोक्सानी लेखाजोखा गर्न मार्गदिशा प्रदान गर्दछ, जसले (१) जलवायुजन्य घटनाको लेखाजोखाः क्रम र परिदृष्यको लेखाजोखा गर्छ । (२) सम्मुखता, सङ्कटासन्नता र जोखिमको लेखाजोखा गर्छ । (३) अनुकूलन र विपद् जोखिम न्यूनीकरणका सफलता र सिमाको लेखाजोखा गर्छ । (४) सोझै हुने हानीको लेखाजोखा गर्छ । र (५) आर्थिक तथा गैरआर्थिक हानि नोक्सानीको लेखाजोखा गर्छ ।

### प्रभावबाट र जलवायुजन्य विपद्को जोखिमबाट जोगिन रूपान्तरण पद्धतिः

यसले जोखिम लेखाजोखा, जोखिम न्यूनीकरण, जोखिम हस्तान्तरण र जोखिम अवशोषण समावेश गर्दछ । जोखिमको सामना गर्नु भनेको जलवायु परिवर्तनका प्रभावबाट उत्पन्न हुने बोझ र दुःख बिमा कार्यक्रम मार्फत अर्को पक्षलाई सार्नु पनि हो।

### सरकारवालाहरुको सहभागीताः

हानी नोक्सानी सञ्चालनमा ल्याउन बिभिन्न निकायहरू र सरोकारवालाहरुको सहभागिता महत्वपूर्ण हुनेछ । सरकारी निकायहरू, पत्रकार, नागरिक समाज, विकास साझेदारहरू, अन्तरर्राष्ट्रिय गैससहरू र निजी क्षेत्रले हानि नोक्सानी सम्बोधन गर्न सहयोग गर्न सक्छन् ।

## ३. खुद शुन्य उत्सर्जनमा नेपालको दीर्घकालीन रणनीति

**(Nepal's Long Term Strategy on Net Zero Emissions)**

क्षमता अनुसार विभेदित जिम्मेवारीको सिद्धान्तमा रही पेरिस सम्झौता कार्यान्वयन गर्न नेपाल प्रतिवद्ध रहेकोछ। नेपालको कार्वन उत्सर्जन न्यूनीकरण लक्ष्य २०२०–२०३० मा खुद शुन्य उत्सर्जन हासिल गर्ने र तत्पश्चात एकदमै न्यून उत्सर्जन गरी सन् २०४५ मा पूर्ण खुद शुन्य उत्सर्जन हासिल गर्ने रहेकोछ। नेपालले स्वच्छ उर्जा व्यापार मार्फत सिमापारमा गरेका न्यूनीकरण योगदानको पनि पहिचान होस् भन्ने चाहन्छ । नेपालको यो दीर्घकालीन रणनीतिले दरिलो नीति निर्माण, सामाजिक रूपान्तरण, र प्रविधिको विकास र विस्तारको दृष्टि लिएको छ जसले कार्बन–तटस्थ, समावेशी र जलवायु उत्थानशील भविष्य तर्फ डोऱ्याउनेछ ।

सन् २०१९ मा नेपालको जम्मा कार्बनडाइअक्साइड उत्सर्जन सन्दर्भ परिदृष्यका आधारमा २ करोड ३० लाख मेट्रिक टन थियो । यो परिमाण सन् २०३० मा ३ करोड ४० लाख र सन् २०५० मा सात करोड ९० लाख हुने अपेक्षा गरिएको छ । सन् २०१९मा उर्जा बाहेकको उत्सर्जन ४६ प्रतिशत छ भने उर्जा क्षेत्रको उत्सर्जन ५४ प्रतिशत छ । सन्दर्भ परिदृष्यमा गैरउर्जा क्षेत्रको उत्सर्जन सन् २०५० सम्ममा बिस्तारै घटेर कूल उत्सर्जनको ३२ प्रतिशतमा पुग्ने देखिन्छ । सन् २०१९ मा भू–उपयोग, भू–उपयोग परिवर्तन र वनबाट कार्बनडाइअक्साइड उत्सर्जन अनुमानित ८० लाख मेट्रिक टन थियो भने सन् २०५० सम्म यो बढेर १ करोड ७० लाख मेट्रिक टन पुग्ने अपेक्षा गरिएको छ।

विद्यमान उपायहरूमा आधारित (**With Existing Measures–WEM**) परिदृष्यमा खुद कार्बनडाइअक्साइड उत्सर्जन सन् २०३०मा ३ करोड मेट्रिक टनले र सन् २०५० मा ५ करोड मेट्रिक टनले घट्ने छ। यस परिदृष्यमा उर्जा क्षेत्र उत्सर्जन कम गर्नमा महत्वपूर्ण योगदान गर्ने क्षेत्र हुनेछ । भू–उपयोग, भू–उपयोग परिवर्तन र वन क्षेत्रले पहिलो १० वर्षमा कार्वन हटाउन महत्वपूर्ण योगदान गर्नेछ । परिदृष्यले देखाए अनुसार यस क्षेत्रको कार्बन सोस्ने संभावना समयान्तरमा घट्दै जानेछ । फलतः सन् २०३० पछि खुद कार्बन उत्सर्जन वार्षिक ११ प्रतिशतका दरले बढ्दै जानेछ।

थप उपायहरूमा आधारित (With Additional Measures– WAM) परिदृष्यमा उर्जा क्षेत्रमा महत्वाकाङ्क्षी योजना साथसाथै चालु र थप कार्बन हटाउने योजनाले नेपालको खुद कार्बनडाइअक्साइड उत्सर्जन सन् २०२०–२०३० को अवधिमा शुन्य भन्दा तल हुने र तत्पश्चात २०३५ देखि २०४५ सम्म शुन्यको नजिक रहने देखिन्छ । संश्लेषण सन् २०४५ देखि बढ्ने र सन् २०५० मा –५७ लाख मेट्रिक टन पुग्ने देखिन्छ ।

बिभिन्न परिदृष्यको तुलना गर्दा देशको कार्बन उत्सर्जन न्यूनीकरण संभावना एकदम बढी छ र रणनीतिक उपायका योजनाहरूबाट एकदमै कम उत्सर्जन स्तर कायम गर्न सक्षम छ भन्ने देखिन्छ । महत्वाकाङ्क्षी सशर्त लक्ष्यबाट सन् २०४५ वा सो भन्दा अगावै खुद शुन्य उत्सर्जन र सन् २०५० तिर कार्बन उत्सर्जन ऋणात्मक बनाउन सकिने पनि संभव छ ।